दोरम्बा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश , नेपाल ।

प.सं. २०७७।०७८
च.नं. २६१

# सुचना ! सुचना !! सुचना !!!

## प्रथम पटक प्रकाशित मिति २०७७।०५।२६

यस दोरम्बा गाउँपालिका कृषि शाखाको आ.व.०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक, कृषक समुह , कृषि सहकारी , कृषि फर्महरु बाट निबेदन आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । ,यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालय समय भित्र दोरम्बा गाउँपालिकामा रितपूर्वक माग निबेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा सबैमा जानकारी गराईन्छ । साथै रित नपुगी, म्याद नाघी आएको निवेदन उपर कार्यालय जवाफदेही हुने छैन ।( साथै समुह, सहककारी,कृषि फर्म भएमा दोरम्बा गाउँपालिकामा सुचिकृत भएको हुनु पर्ने छ ।)

तपशिल

१) ५० प्रतिशत अनुदानमा मिनीटिलर बितरण (५.५ र ७ एच.पि ) कृषकको मागको आधारमा ।
२) ५० प्रतिशत अनुदानमा हिउदे फलफुल विरुवा बितरण (आरु, हलुवावेद,नास्पाती,ओखर) आदि कृषकको मागको आधारम ।
३) ५० प्रतिशत अनुदानमा किबी विरुवा वितरण कृषकको मागको आधारमा ।
४) ५० प्रतिशत अनुदानमा बिभिन्न कृषि औजार उपकरणहरु बितरण ( धान गँहु थ्रेसर, हाते स्प्रेयर १६ लिटर, सिकेचर, करौति, आदि) ।
५) किबी फल बिकास कार्यक्रमको लागि भौतिक पूर्बाधार थाका (सिमेन्ट पोल) निर्माणमा ५० प्रतिशत अनुदान । ( कम्तिमा २० बोट विरुवा लगाएको हुनु पर्ने छ )
६) बेमौसमी गोलभेडा खेतीको लागि प्लाष्टिक टनेलमा ५० प्रतिशत अनुदान ।

निवेदन साथ संगलन कागजातहरु

१. रु.१० को टिकट टाँस गरिएको निवेदन
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. जग्गाधनी पुर्जाको प्रतिलिपी
४. समुह,सहाकारी ,फर्म भएमा प्रमाणपत्रको प्रतिलिपी, बैंठकको निर्णयको प्रतिलिपी
५. कर चुक्ताको प्रतिलिपी
६. तिरो तिरेको रसिद
७. गुठ्ठि जग्गा भएमा मालपोत तिरेको रसिद ।
८ .वडा कार्यालयको सिफारिस ।

नोट : माथि उल्लेखित कार्यक्रमको छुट्टाछुट्टै निवेदन पेश गर्नु पर्नेछ ।

२०७७।५।२६
धिराज मरासैनी
प्रमुख प्रशासकीय अधिकृत

धिराज मरासैनी
प्रमुख प्रशासकिय अधिकृत